म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः५...                    संख्याः.५..                    मितिः असार २१, २०७८

भाग-२

म्यागङ गाउँपालिका

## गैरसरकारी संघसंस्थाहरु सुचिकृत गर्ने र कार्यक्रम, कार्यान्वयन तथा समन्वय सम्वन्धी निर्देशिका २०७८

कार्यपालिकाबाट पारित मितिः असार ६, २०७८

प्रमाणीकरण मितिः असार ६, २०७८

स्थानीय राजपत्रमा प्रकाशित मितिः असार २१, २०७८

# म्यागङ गाँउपालिका गैरसरकारी संघ-संस्थासुचिकृत गर्ने रकार्यक्रम, कार्यान्वयन तथा समन्वय सम्वन्धी निर्देशिका २०७८

**प्रस्तावना**

राष्ट्रिय तथा अन्तराष्ट्रियगैरसरकारीसामाजिक संघ संस्थाहरुसँग (सामाजिक संघ संस्थाहरु दर्ता ऐन, २०३४ अनुसार जिल्लामा दर्ता भएका तथा समाज कल्याण परिषदमा आवध्द भएका संघ संस्थाहरु)गाँउपालिकाको बिकास सुदृढिकरण एकद्वार प्रणाली मार्फत आपसी सहयोग र साझेदारीलाई समेत परिचालन र प्रभावकारी बनाउन नेपालको संविधान २०७२ भाग ४ धारा ५१(ञ) (१४) र धारा ७२(२) ता नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीहरुको विस्तृतीकरणमा गरिएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ दफा २५ र १०२ ले दिएको अधिकार प्रयोग गर्दै यस गाँउपालिकामा कार्यरत गैर सरकारी संस्थाहरुलाइ समन्वय गर्नको लागी **गैरसरकारी संघ संस्थाहरु सुचिकृत गर्ने रकार्यक्रम, कार्यान्वयन तथा समन्वय सम्वन्धी निर्देशिका २०७८**म्यागङगाँउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम म्यागङ गाँउ कार्यपालिकाको मिति २०७८................. गते बसेको वैठकको निर्णय वमोजिम यो निर्देशिका स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस निर्देशिकाको नाम **"गैरसरकारी संघ-संस्थाहरु सुचिकृत गर्ने र कार्यक्रम, कार्यान्वयन तथा समन्वय सम्वन्धी निर्देशिका**२०७८"रहेकोछ।

ख) यो निर्देशिका गाँउ सभा बाट पारित भएको नितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "अध्यक्ष"भन्नालेम्यागङगाँउपालिकाकोप्रमुखसम्झनुपर्छ।

ख) "उपाध्यक्ष"भन्नालेम्यागङगाँउपालिकाकोउप-प्रमुखसम्झनुपर्छ।

ग) “अन्तर्राष्ट्रियगैरसरकारीसंस्था”भन्नालेविदेशमादर्ताभईनेपालमासामाजिकसेवातथाविकासकार्यमासंलग्नहुनेतथात्यस्तोकार्यमा सहयोग गर्ने संस्थालाई सम्झनुपर्दछ।

घ) “समन्वयसमिति”भन्नालेगाउसमन्वयसमितिलाईसम्झनुपर्छ।

ङ) “दातृनिकाय”भन्नालेसमाजकल्याणवासामाजिकसेवातथाविकासकार्यमासहयोगगर्नेविदेशीसरकारवासंघ, संस्था आदि सम्झनु पर्छ ।

च) “मन्त्रालय”भन्नालेसंघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अन्य तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

छ) “गैरसरकारीसंस्था”भन्नालेलाभांशवामुनाफाबितरणगर्नेउद्देश्यनराखीप्रचलितकानूनबमोजिमदर्ताभईकार्यगर्नेसामाजिकसंस्थाहरुलाईसम्झनुपर्छ

ज) “विधान”भन्नालेगैरसरकारी संस्थाको विधान सम्झनु पर्छ ।

झ) “वोर्डसदस्य”भन्नालेगैरसरकारीसंस्थाकाकार्यसमितिकावोर्डसदस्यलाईजनाउ‘छ।

ञ) “सामाजिकसेवातथाविकासकार्य”भन्नालेनेपालीसमाजकोसमतामूलकविकास, सामाजिक रूपान्तरण, लोकतन्त्र मानव अधिकारको संरक्षण तथा प्रवद्र्धन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, गरिब, अशक्त एवं अपाङ्ग, यौनिक अल्पसंख्यक तथा उपेक्षित समुदायको सर्वोपरी हित, क्षमता विकास, सशक्तिकरण, वकालत, सामाजिक परिचालन,उपभोक्ता अधिकार ,सशक्तीकरण,आर्थिक विकास, सेवा र पुनस्र्थापनाका लागि गरिने कार्य सम्झनुपर्दछ।

ट) “संघसंस्था”भन्नालेलाभांशवामुनाफावितरणगर्नेउद्देश्यनराखीसंघसंस्थादर्ताऐन, २०३४, राष्ट्रिय निर्देशन ऐन, २०१८ अनुसार दर्ता भएका तथा समाज कल्याण ऐन २०४९ अनुसार आवद्ध सामाजिक संस्थाहरुलाई सम्झनु पर्छ ।

ठ) “विषयगतसमिति”भन्नालेस्थानीयतहमा गठित विभिन्न समितिलाई सम्झनु पर्छ।

ड) “गाँउपालिका”भन्नालेम्यागङगाँउपालिकालाईजनाउनेछ।

ढ) “गैसस”भन्नालेगैरसरकारीसंस्थाभन्नेजनाउनेछ।

ण) “कार्यक्रम” भन्नाले गैरसरकारीसंस्था अन्तरगत संचालित कार्यक्रम बुझ्नुपर्छ ।

**3) निर्देशिकाको उदेश्यः** यस निर्देशिकाको मुख्य उदेश्य यस गाउं पालिकामा कृयाशील गैर सरकारी संघ संस्थाहरुलाई सुचिकृत गर्ने , तिनीहरुका कार्यक्रमहरु लाई गाउंलिकाको सभावाट पारित गराउने तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा मुल्यांकन गर्नुका साथै निम्न अनुसारका उद्येश्य हरुहुनेछ।

क) गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सम्झौता तयार गर्दा मार्गसर्शन दिने।

ख) गैर सरकारी संघ संस्थाहरु द्धारा संचालित कार्यक्रम अन्तरगतका चरणहरुलाई समन्वयात्मक एवं नितिगत तादाम्यता र सहभागितामुलक मर्यादित, वयवस्थित, पारदर्शी र जवाफदेही बनाउने ।

ग) गैर सरकारी संघ संस्थाहरुबाट संचालन हुने कार्यक्रमलाई गाँउपालिकाको प्राथमिकताको क्षेत्र तर्फ निर्दिष्ट गर्ने।

घ) गैर सरकारी संघ संस्थाको योगदान र स्रोतलाई लक्षित वर्ग, तह र क्षेत्रसम्म पुर्याउने ।

ङ) गैर सरकारी संघ संस्थाको कार्यक्रमलाई अनुगमन तथा मुल्याकङ गर्ने ।

च) गैर सरकारी संघ संस्थाहरु र सरकारी कार्यक्रमहरुमा दोहोरोपन समेतलाई निरुत्साहित गर्ने।

छ) गाँउपालिकाको बिकासमा सहकार्य गरी गैर सरकारी संघ संस्थाहरुलाई बिकास साझेदार संस्थाको रुपमा विकसित गर्ने ।

## परिच्छेद-२

**४) सुचिकृत गरिएका संघ संस्थाहरुकोवर्गीकरण गरि संस्थाहरुको सूची तयार गर्ने**ः गाँउपालिकामा काम गरिरहेका तथा काम गर्न चाहने सम्पूर्ण संघ संस्थाहरु लाई गाउंपालिकामा सुचिकृत हुन आव्हान गर्ने र सुचिकृत हुन अनुसुचि १ अनुसारको निवेदन दिनुपर्ने छ यसरी निवेदन दिने संस्थाहरुलाई अनुसुची २ अनुसारको प्रमाणपत्र जारी गरिने छ भने सुचिकृत भएका संस्थाहरुले वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ , नविकरण शुल्क गाउं सभाले तोके बमोजिम हुने छ । सुचिकृत भएका संस्थाहरुको को सूची तयार गरिने छ ।

**५) सूची तयार गर्दा तपशील अनुसार वर्गीकरण गरी अलग अलग सूची तयार गर्नुपर्नेः**

क) सामाजिक संस्थाहरु (सामाजिक सचेतना, मानअधिकारको संरक्षण तथा प्रवद्र्धन, सामाजिक विकास, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, क्षमताविकास, सामाजिक परिचालन,भौतिक पूर्वाधार विकास, जीविकोपार्जन तथा आर्थिक क्रियाकलाप, मानवीय सहायता, प्राकृतिक श्रोत संरक्षण र ब्यवस्थापन, गरिबी निवारण, पैरवी, उपभोक्ताहरुको हित संरक्षणका लागि स्थापित नागरिक संस्थाहरू)

ख) खेलकुद विकास संस्थाहरू

ग) धार्मिक सांस्कृतिक संस्थाहरू

घ) प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू

ङ) परोपकार संस्थाहरू

च) पेशागत संस्थाहरु

छ) संजाल तथा महासंघहरु

ज) उपभोक्ता समुहहरु

झ) अनुसन्धान संस्थाहरु

ञ) सामुदायिक संस्थाहरु

**६) सामाजिक कार्यक्रमः**

क) गाँउपालिकाले सामाजिक संघ संस्थाहरु मार्फत सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकास कार्यक्रमहरु सञ्चालन गर्नेछन् ।

ख) गाँउपालिकाले सामाजिक परिचालन लगायतका कार्यहरु गर्दा दफा ३ वमोजिम सूचीकृत गैससहरुलाई प्राथमिता दिई समन्वय साझेदारी गर्नेछ ।

ग) संस्थाले आफ्नो उद्‌देश्य अनुसारका कार्यक्रमहरुमा मात्र खर्च गर्ने गरी आफ्नो श्रोत निर्माणका लागि आयमुलक कार्यक्रमहरु संचालन गर्न सक्नेछन् ।

घ) गाँउपालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूण गैरसरकारी संस्थाहरुको सूची अद्‌यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन सक्नेछ ।

**७) स्थानीय दिगो विकास सम्बन्धी कार्यक्रम संचालनः** गाँउपालिकामा दिगो विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा गाँउपालिकाले देहाय बमोजिमका विशेष कार्यक्रमहरु छनौट गरी साझेदारीमा संचालन गर्नेछ ।

क) महिला,बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,यौनिक अल्पसंख्यक,आदीवासी,

जनजाति तथा दलित, असहाय लगायत पिछडिएका एवं सीमान्तकृत समुदायको हित र कल्याण सम्बन्धी कार्यक्रम,

ख) एवं स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रमस्थानीय विकासका लागि सहभागिता रोजगार ( अभिवृद्‌धि गर्ने र लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरण सम्बन्धी,

ग) (ऐन, कानून, मानव अधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रवद्र्धनात्मक कार्यहरु, स्रोत

घ) कृषि उत्पादन, खाद्य सुरक्षा तथा पोषण,

ङ)सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको कार्यक्रम,

च) गरिबी निवारण, आय आर्जन तथा सीप विकाससम्बन्धी कार्यक्रम,

छ) नागरिक कर्तव्य तथा दायित्व सम्वन्धी सचेतना कार्यक्रम,

ज) वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा प्रभाव न्यूनिकरण एवं विपद जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम,

झ)स्वास्थ्य जनचेतना अभिवृद्धि तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रम,

ञ) शिक्षा लगायत आधारभूत शैक्षिक उद्देश्य परिपूर्ति गर्ने सम्बन्धी विविध कार्यक्रम,

ट) पिउनेपानी, सरसफाई, जलश्रोत ब्यवस्थापन तथा लघु तथा बैकल्पिक उर्जा विकास,

ठ) भौतिक पूर्वाधारा विकास निर्माण तथा मर्मत सम्बन्धी

## परिच्छेद– ३

## कार्यक्रम संचालन गर्दा स्थानीय तहसँग स्वीकृत तथा समन्वय

**८) सूचीकृत भएका कार्यक्षेत्रः**यस निर्देशिका अन्तर्गत सूचीकृत भएका र हुन चाहने संस्थाहरूले आफूले काम गर्ने कार्यक्षेत्र भित्रको गाँउपालिकावाट कार्यक्रमको प्रकृति हेरि गाउसभामा पेश गर्ने वा समन्वय वा जानकारी गराई काम गर्नुपर्नेछ ।

क) एक बर्ष भन्दा छोटो अवधिको कार्यक्रमहरु, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रबद्र्धन, मानव अधिकार प्रबर्धन, सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कामहरु गर्दा स्थानीय तहलाई जानकारी गराइ कार्यक्रम सञ्चालन गर्ने । कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन स्थानीय तहलाई गराउनु पर्नेछ ।

ख) गाँउपालिकाको नियमित र बिषयगत कामसँग मेल खाने प्रकृतिका कार्यक्रम तथा कार्यक्रमहरुमा स्थानीय तहसँग समन्व गरेर काम गर्ने ।

ग) एक बर्ष भन्दा लामो एवं वहुबर्षीय भौतिक निर्माणका कार्यक्रम वा कुनै कार्यक्रम संचालन गर्नु परेमा स्थानीय तहसँग स्वीकृति लिएर काम गर्ने ।

**९)** गैससहरुले संचालन गर्ने एक बर्ष भन्दा लामो वा वहुबर्षीय कार्यक्रम वा कार्यक्रम स्थानीय योजना तर्जुमा प्रक्रिया मार्फत गाँउपालिका को एकीकृत बार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरी पेश गर्नु पर्नेछ र गाउंसभामा स्वीकृत गर्नुपर्नेछ ।

**१०)** गाउसभा सम्पन्न भएपछि गैससहरुको कार्यक्रम बजेट स्वीकृत गर्नु पर्ने भएमा गाउ कार्यपालिकावाट स्वीकृत गराउनु पर्नेछ र अर्को आर्थिक बर्षको गाउसभाबाट अनुमोदन गराउन सकिनेछ ।

**११) गाँउपालिका स्तरीय गैसस समन्वय समिति गठनः**

क) गैससहरुसँग समन्वय र साझेदारी प्रबर्धन गर्न निम्न बमोजिम तीन सदस्यीय गैसस समन्वय समिति गठन गरिने छ ।

१) गाउ कार्यापालिकाले तोकेको वडा अध्यक्ष÷कार्यापालिका सदस्य मध्ये वाट - संयोजक
२) गाउ कार्यापालिकाले तोकेको वडा अध्यक्ष÷कार्यापालिका सदस्य मध्ये वाट महिला पर्ने गरि दुइ जना - सदस्य
३) गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृत- सदस्य
४) गैसस महासंघ नेपालको एक जना प्रतिनिधि - सदस्य
५) स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख वा कार्यालयले तोकेको कर्मचारी - सदस्य सचिव

ख) समन्वय समितिको बैठक र कार्यविवरण भने समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

ग) गाँउपालिकाले आफ्नो कार्यक्रममा सम्वद्ध वा पालिकालाई कार्यक्षेत्र वनाई काम गर्ने गैरसरकारी संस्थाहरुको लागि सामाजिक परिक्षण गर्न गराउन सक्ने छ ।

**१२).प्रगति प्रतिवेदन पेश गर्नुपर्ने**

क) हरेक गैरसरकारी संस्थाले गाँउपालिका समक्ष प्रत्येक चौमासिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ख) वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भए पछी को ४ महिना भित्र आफ्नो वार्षिक लेखापरिक्षण सहितको वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने छ ।

**१३) सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई सम्बन्धी व्यवस्थाः** गैरसरकारी संस्थाले सन्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम एवं उपलव्धिका बारेमा कार्यक्रम कार्यान्वयन गरिएको स्थानका समाजसेवी, सञ्चारकर्मी, नागरिक समाज एवं उपभोक्ता समेतको सहभागितामा वार्षिक रुपमा सामजिक परीक्षण तथा सार्वजनिक लेखा परीक्षण तथा सुनुवाई गर्नु पर्नेछ । परीक्षण तथा सुनुवाईसम्बन्धी मार्ग निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**१४) गैरसरकारी संस्थामा गाँउपालिकाको संलग्नताः** गाँउपालिकाका पदाधिकारी सदस्य तथा कार्यरत कर्मचारीहरू संघीय ऐन बमोजिम दर्ता भएका गैरसरकारी संस्थाको कार्यसमितिका सदस्य वा पदाधिकारी र कर्मचारीका रूपमा संलग्न हुन पाउने छैनन् ।

**१५) गैससको प्रतिनिधित्वः** गाँउपालिकाका विभिन्न विषयगत समितिहरु र नेपाल सरकारद्वारा गठन गरिने गैरसरकारी संस्था सम्बन्धी विभिन्न समिति वा उपसमितिमा गाँउपालिका स्तरीय गैसस समन्वय समितिको सिफारिसका आधारमा विषयगत गैरसरकारी संस्थाको प्रतिनिधित्व हुनेछ ।

**१६)होर्डिङ्ग बोर्डः** यस निर्देशिका वमोजिम सूचीकृत हुने हरेक सामाजिक संस्थाले आफ्नो संस्थाले गर्ने र गरिरहेको कामहरुबारे सबैलाई जानकारी गराउनको लागि एक होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ ।

## परिच्छेद– ४

## गैरसरकारी संस्था र स्थानीय तहको योजना तर्जुमा

**१७) कार्यक्रम तर्जुमा प्रकृयाः** गैर सरकारी संघ संस्थाले कार्यक्रम तयार गर्दा निम्न बमोजिमको प्रकृया अवलम्बन गर्नुपर्दछ ।

क) गाँउपालिकाको योजना निर्माण प्रकृयामा गैरसरकारी संस्थाहरुले आवश्यक सहयोग गर्नुपर्नेछ ।

ख) सम्वन्धित विषय र क्षेत्रको सूचना संकलनमा स्थानीय तहको आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ ।

ग) गाँउपालिकाको मुल्य, मान्यता, दृष्टिकोण, नीति र प्राथमिकताका आधारमा लाभन्वित वर्ग र बिकासका क्षेत्रको कार्यक्रम छनौट गर्नुपर्नेछ ।

घ) आवश्यकता पहिचान प्रतिवेदन तथा आधारभुत सर्भेक्षन गर्दा प्रस्तावित लाभान्वित वर्ग स्थानीय सरोकारवालाहरु संग परामर्श छलफल गरी सोको आधारमा फरियोजना तर्जुमा गर्नुपर्ने हुन्छ।, स्रोत र साधनबीच तार्किक सह-योजना देखाउनु पर्ने हुन्छ।

ङ) अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले कार्यक्रमको प्रवाभ, असर, प्रतिफल, कृयाकलाप

च) गाँउपालिकाको योजना निर्माण प्रकृयाको प्रारम्भिक चरणदेखि नै वैठकमा सम्वन्धीत गैससहरुको सहभागीता र प्रतिनिधित्व गर्नुपर्नेछ ।

छ) गैससका सम्वन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन स्थानीय तहलाई सहयोग गर्नुपर्नेछ ।

ज) गैससहरुले स्थानीय तहका योजना निर्माण र कार्यान्वयनवारे जनचेतना, क्षमता अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्ने छ ।

**१८) कार्यक्रम पूर्व स्वीकृत वा सहमतिः**गैर सरकारी संघ संस्थालाई कार्यक्रम तयार गर्ने सन्दर्भमा पुर्व स्वीकृत वा सहमति आवश्यक परेमा देहाय बमोजिम गर्नुपर्दछ।

क) कार्यक्रम प्रस्ताव दाताहरु समक्ष पेश गर्ने बखत पुर्व सहमति आवश्यक भएमा गैर सरकारी संघ संस्था  गाँउपालिका समक्ष आवश्यक कागजातहरु सहित निवेदन पेश गर्ने ।

ख) गाँउपालिकाले उक्त कार्यक्रम उपयुक्त लागेमा कार्यक्रम संचालनका लागि पूर्व सहमति पत्र दिने सक्ने छ।

**स्पष्टिकारणः** त्यस्तो सहमतिको लागि १० लाख बजेट सम्मको कार्यक्रममा उक्त कार्यक्रमको औचित्यता हेरी गाँउ अध्यक्षले स्वीकृत गर्न सक्ने छ। १० लाख भन्दा बढीको बजेटको कार्यक्रमको सहमति वा पुर्व सहमति योजना तर्जुमा परामर्श समितिको बैठकको निर्णयानुसार हुनेछ।

**१९) योजना कार्यान्वयन र साझेदारी**

क) गाँउपालिका र विषयगत शाखाहरुको योजना कार्यान्वयनमा गैससहरुलाई आफ्नो स्रोत र क्षमतानुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्नुपर्नेछ ।

ख) गाँउपालिकामा संचालित विकास आयोजनाहरुको गुणस्तर अभिवृद्धिका लागि सम्वन्धीत गाँउपालिकावाट अनुरोध भइ आएमा आवश्यकतानुसार ज्ञान, शीप, परामर्श तथा सुझाव उपलव्ध गराउ पर्नेछ ।

ग) कार्यक्रम समीक्षा वैठकहरुमा सहभागी हुने र पृष्ठपोषण दिनुपर्नेछ ।

**२०) स्थानीय योजना अनुगमन तथा मूल्यांकन**

क) गाँउपालिकावाट संचालन हुने विकास आयोजनाको अनुगमन तथा मुल्यांकन प्रकृयामा विषयगत गैससहरुलाई गाँउपालिका स्तरीय गैसस समन्वय समितिको सिफारिसको आधारमा प्रत्यक्ष सहभागी गराइनेछ ।

ख) गाँउपालिकाले स्वतन्त्र रुपमा विकास आयोजनाको तेश्रो पक्ष मूल्यांकन गर्नेछ जसमा सम्वन्धीत गाँउपालिकामा रहेका दक्ष गैससहरुलाई प्राथमिकता दिइने छ ।

**२१).** गैससका कार्यक्रम अनुगमन समिति गठन

१) गाँउपालिकामा संचालित गैससहरुको कार्यक्रम तथा कार्यक्रमहरु अनुगमन गर्नेछ ।

२) गाँउपालिका स्तरीय गैसस कार्यक्रम अनुगमन समिति निम्न वमोजिम हुनेछ

क) गाँउपालिका उपाध्यक्ष- संयोजक

ख) गाँउपालिका स्तरीय गैसस समन्वय समितिको संयोजक- सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

घ) सामाजिक विकास समितिको संयोजक- सदस्य

(ङ) योजना तथा अनुगमन शाखा प्रमुख- सदस्य सचिव

**परिच्छेद- ५**

**वैदेशिक सहयोग तथा अन्तर्राष्ट्रिय गैसस सम्वन्धमा**

**२२) वैदेशिक सहयोगः**

क) गाँउपालिकामा परिचालन हुने वैदेशिक सहयोग स्थानीय तहमार्फत नै परिचालन हुने गरी सहयोग स्वीकार गरिनेछ ।

ख) उपदफा (१)वमोजिम गाँउपालिकामा प्राप्त वैदेशिक सहयोग यसगाँउपालिकामा सूचीकृत गैससहरु मार्फत मात्र परिचालन गरिनेछ ।

**२३) एकद्वार प्रणाली सम्वन्धमा**ः गाँउपालिकामा कार्य क्षेत्र रहेका सम्पूर्ण गैससहरुले कार्यक्रमहरुलाई दोहोरोपन हुन नदिन एकद्वार प्रणाली अपनाइनेछ ।

**२४) अन्तर्राष्ट्रिय गैसस सम्वन्धमाः**

क) गाँउपालिकामा काम गर्न चाहने अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले स्थानीय तहमा स्थानीय गैरसरकारी संस्था मार्फत मात्र कार्य गर्नु पर्नेछ ।

ख) कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नो कार्य क्षेत्र रहेको गाउँपालिकामा कार्यालय राखी कार्यक्रमको प्रत्यक्ष कार्यान्वयन गर्न पाउने छैन ।

## परिच्छेद- ६

## विविध

**२५) पुरस्कार र प्रोत्साहनः** गाँउपालिकाले सामाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडि पारिएको वर्ग र समुदायको हित, कल्याण र शसक्तिकरणका लागि उल्लेख्य योगदान पु¥याउने गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गर्न सामाजिक सेवा पुरस्कारहरुको स्थापना तथा वितरण गर्न सक्नेछ ।

२६) सामाजिक विकास कोषः गैरसरकारी संस्थाहरूमा कार्यरत कार्य समिति, कर्मचारी एवं स्वयंसेवकहरुको गैरसरकारी संस्थाहरूका छाता संगठनहरू वा गैरसरकारी संस्थाहरू स्वयंले आचार संहिता निर्माण गरी लागु गर्नु पर्नेछ ।

२७) वाधा अड्काउ फुकाउने अधिकारः यस निर्देशिकाको उद्देश्यकार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाँउपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ ।

**२८) दण्ड सजाय**ः गाँउपालिकामा कार्यरत गैरसरकारी संस्थाहरूले काम गर्ने क्रममा आर्थिक हिनामिना वा कानून विपरित कार्य गरेको पाइएमा त्यस्ता संस्थाहरुलाई काम गर्न रोक वा खारेजीका लागि दर्ता गर्ने निकाय समक्ष सिफारिश गर्न सक्नेछ । तर, सो अगाडि उक्त संस्थालाई स्पष्टीकरण वा आवश्यक विवरण माग्नु पर्नेछ ।

**२९) मार्गनिर्देशिका वनाउने अधिकारः** यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न गाँउपालिकाले आवश्यक मार्गनिर्देशिका वनाउन सक्नेछ।

**३०) आचार संहिताः** गाउसभाबाट अनुमोदन गराउनुपर्नेछ, नगरेमा स्वत निस्क्रिय हुनेछ ।

**३१) बचाउ र लागु नहुने**

क) यो निर्देशिकामा उल्लेख नभएको विषयको हकमा लेखिए जति कुरामा सोही वमोजिम र नलेखिएको कुरामा प्रदेश तथा संघीय कानून वमोजिम हुनेछ ।

ख) यस निर्देशिकामा उल्लेख भएका कुनै विषय प्रदेश, संघीय कानून तथा संविधान संग बाझिएको खण्डमा बाझिएको हकमा स्वतः निस्क्रिय भएको मानिनेछ ।

**अनुसुची -१**

श्रीमान प्रमुख पशासकीय अधिकतज्यु

म्यागंङ गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालय

नुवाकोट

विषय : संस्था सचिकत सम्बन्धमा .।

मिति २० मा ................ जिल्ला प्रशासन कायालयमा........................सम्बन्धी काम गर्ने उद्दश्यले दर्ता भई निरन्तर रुपमा कृयाशीलश्री..............................................सस्थालेयस गाउँपालिका क्षेत्रमा समेत आफनो कार्यक्षेत्र बनाइ काम गर्न चाहेकाले सस्था सचिकृतका लागि देहायका विवरण खोली निवदन पेश गरकोछु । सस्थाको विधानको एक प्रति यसैसाथ सलग्न गरिएका छ ।

विवरण:

१. सस्थाका नाम :

२. सस्था दर्ता न.र मिति :

३. समाजकल्याण परिषदमा आवद्धता न. :

४. सस्थाको उद्देश्यहरु :

(क)

(ख)

म्याग्दङ गाउँपालिका

(ग)

५. संस्थाको कार्यक्षेत्र :

६.संस्थाको कायप्रकृति विवरण :

७. काय समितिका सदस्यहरुको :

| नाम | ठेगाना | पेसा |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |

८. आथिक श्रोत तथा बजेट विवरण :

९. संस्थाको कार्यालयको ठेगाना :

१०. सम्पर्क व्यक्ति र फोन न. :

म्याग्दी गाउँपालिका

**अनुसुची -२**

**म्यागङ गाउंपालिका**
**गाउंकार्यपालिकाको कार्यालय**
**नुवाकोट**

**<u>गैर सरकारी संस्था सुचिकृत प्रमाण पत्र</u>**

**..........................................जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता ऐन २०३४ अनुसार मिति ....................................................मा दर्ता भई यस गाउंपालिकामा कृयाशिल/ काम गर्न ईच्छुक श्री ...........................................................................संस्था लाई यस गाउंपालिकामा कार्यक्रम संचालन गर्न सुचिकृत गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।**

**अनुसूची-३**

**कार्यक्रम विस्तृत कृयाकलाप र बजेट ढाँचा**

गैरसरकारीसंस्थाकोसंक्षिप्त परिचयः....................................

कार्यक्रमकोपृष्टभूमिः........................................

कार्यक्रमकोसोच, लक्षयरउदेश्यः ....................................

कार्यक्रमअन्तरगतका कार्यक्रमहरुः..................................

लक्षित वर्ग तथा समुहहरुः................................

कार्यक्रम   संचालन समयावधिः......................

कार्याक्रम संचालन प्रक्रिया (Methodology) .............................

कार्यक्रमको कार्ययोजना......................................

बजेट व्यवस्थापनः..............................

कार्यक्रम अनुगमण मुल्याङकन सुचकः......................................

म्याग्ङ गाँउपालिका

## अनुसूची २

## अनुगमण प्रतिवेदन ढाँचा

अनुगमन आधार र पृष्ठभूमीः................................................

अनुगमन गर्ने उदेश्य, बिषयहरु र अनुगमन सूचकः.......................................

अनुगमन गर्ने सहभागी टोली, संस्था, स्थान र परियोजनाः.............................

कार्यक्रमका सबल र दुर्लव पक्षः...............................

निष्कर्ष र सुझाबः................................

प्रतिवेदकः

## अनुसूची ३

## प्रगति प्रतिवेदन ढाँचा

पृष्टभूमीः........................

कार्यक्रमकोसोच, लक्षयरउदेश्यः ....................................

लक्षित वर्ग तथा समुहहरुः...............................

कार्याक्रम संचालन प्रक्रिया (Methodology) .............................

वित्तिय तथा भौतिक प्रगतिको संक्षिप्त विवरणः

| क्र.स | कार्याक्रम | कृयाकलापहरु | इकाई | लक्षय | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कार्यक्रमको मूख्य उपलब्धिहरुः.............................................

कार्यक्रमको प्रभाब मूल्याङ्कनः...................................................

प्रतिवेदक संस्था

न्यानिङ गाउँपालिका

आज्ञाले,

पवन कुमार प्याकुरेल

प्रमुख प्रशासकीय अधिकृत

म्याग्दी गाउँपालिका